# लोक सेवा आयोग
## सूचना तथा प्रकाशन शाखा

## सूचना नं. ४२९

**दरखास्त स्वीकृत गर्न अपाङ्गता तथा शैक्षिक योग्यताको प्रमाणपत्र अपलोड गर्ने सम्बन्धी सूचना**

लोक सेवा आयोगबाट सञ्चालन हुने विभिन्न परीक्षाहरुमा दरखास्त स्वीकृत गर्ने सम्बन्धमा आयोगको मिति २०७५।०९।१६ को निर्णयबाट देहाय बमोजिम गर्ने निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. आयोगबाट प्रकाशित विज्ञापनमा समावेशी समूह अन्तर्गतको अपाङ्ग समूहमा दरखास्त फाराम भर्न आवश्यक पर्ने अपाङ्गता परिचयपत्रको हकमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको वर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्रको आधारमा समेत दरखास्त स्वीकृत गर्ने ।

२. आयोगबाट प्रकाशित विज्ञापनको दरखास्त फाराम भर्ने म्यादभित्र विद्यालय/क्याम्पस/विश्वविद्यालयबाट परीक्षाको नतिजा प्रकाशन भएको तर मूल प्रमाणपत्र जारी भै नसकेको अवस्थामा अध्ययन गरेको संस्थाबाट निज व्यक्ति उत्तीर्ण भएको व्यहोरा लेखिएको पत्र साथ उत्तीर्ण गरिसकेको (सबै वर्ष/सेमेष्टरका परीक्षा, थेसिस, प्राक्टिकल समेत) का मार्कसिटहरु पेश गरेमा दरखास्त फाराम भर्न सक्ने र सोका आधारमा दरखास्त स्वीकृत गर्ने । उम्मेदवारले दरखास्त पेश गरेको पदका लागि आवश्यक योग्यताका मूल प्रमाणहरु जारी हुना साथ अपलोड गर्नुपर्ने ।